

गण्डकी र नेपाल पुलिस फाइनलमा

हिमालय टाइम्स

कास्की, १ असोज

गण्डकी प्रदेश र विभागीय नेपाल पुलिस क्लब पोखरामा जारी लामाचौर कप भलिबल प्रतियोगिताअन्तर्गत पुरुषतर्फको फाइनलमा प्रवेश गरेका छन् । लिग चरणको अन्तिम खेलमा पुलिसमाथि ३-२ को सानदार पुनरागमन जित निकाल्दै गण्डकीले फाइनलमा स्थान पक्का गरेको हो । हारका बाबजुद पुलिस पनि फाइनलमा पुग्न सफल भएको छ ।

अघिल्लो संस्करणमा पनि दुई टोली नै फाइनलमा भिडेका थिए । गत वर्ष पनि फाइनलमा पुगेका थिए । लगातारको वर्षाका कारण खेल हुन नसकेपछि पुरस्कार राशि बाँडेर प्रदान गरिएको थियो ।

इन्द्रराज्य लक्ष्मी माविको भलिबल कोर्टमा सोमबार भएको खेलको पहिलो र दोस्रो सेट गण्डकीले १५-२५ र २३-२५ ले गुमाएको थियो । त्यसपछिका तीनै सेट गण्डकीले आफ्नो पक्षमा पार्दै सानदार जित दर्ता गर्न सफल भयो ।

तेस्रो सेट २५-२२ र चौथो सेट २५-१८ ले सहजै आफ्नो पक्षमा पार्दै गण्डकी खेलमा फर्कियो । निर्णायक तथा पाँचौं सेटमा पनि गण्डकीले एकपक्षीय प्रदर्शन गर्दै १५-१० को जित निकाल्दै फाइनलमा पुग्न सफल भयो । यस जितसँगै गण्डकीले लिग चरणका चार खेलबाट ९ अंक बटुल्यो । समान चार खेलबाटै पुलिसले पनि ९ अंक नै जोड्यो । गण्डकीको जितसँगै एपिएफ र मणिमुकुन्द भलिबल क्लबको फाइनल पुग्ने सम्भावना सकिएको छ ।

सोमबार नै भएको अर्को खेलमा एपिएफले मणिमुकुन्दलाई ३-१ को सेटमा पराजित गरेको छ । एपिएफले मणिमुकुन्दमाथि १७-२५, २५-२१, २५-२३ र ३४-३२ को जित निकालेको छ । फाइनल तथा तेस्रो स्थानका लागि मंगलबार प्रतिस्पर्धा हुनेछ । तेस्रो स्थानका लागि एपिएफ र मणिमुकुन्द नै खेल्नेछन् । गलकोट अंकविहीन हुँदै बाहिरिइसकेको छ ।

नवआदर्श सामुदायिक विकास समाज (नाकोड्स) को आयोजनामा शुक्रबारदेखि सुरु भएको भलिबल प्रतियोगितामा महिलातर्फ चार र पुरुषतर्फ पाँच टिमको सहभागिता रहेको छ । महिला र पुरुषतर्फको विजेतालाई समान एक लाख ५० हजार, ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिनेछ । उपविजेताले एक लाख र तेस्रो हुनेले ५० हजार रुपैयाँसँगै ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

स्कुल टु ओलम्पिकको प्रशंसा

हिमालय टाइम्स

काठमाडौं, १ असोज

नेपाल ओलम्पियन्स संघले नेपालका विभिन्न ठाउँमा सञ्चालन गरेको स्कुल टु ओलम्पिक कार्यक्रमलाई तेस्रो वर्ल्ड ओलम्पियन्स फोरमका सहभागीले उच्च प्रशंसा गरेका छन् । टर्कीको इस्तानबुलमा गत शनिबार र आइतबार भएको दुईदिने वर्ल्ड ओलम्पियन्स फोरममा आफूले प्रस्तुत गरेका संघका गतिविधिमध्ये स्कुल टु ओलम्पिक कार्यक्रमलाई सबैले प्रशंसा गरेको र अन्य देशका संघले पनि त्यस्तै खाले कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिएको नेपाल ओलम्पियन्स संघका अध्यक्ष दीपक विष्टले बताउनुभएको छ । फोरममा अन्य देशका सहभागीले पनि आ-आफ्नो गतिविधिका बारेमा फोरममा जानकारी गराउनुभएको थियो ।

'हामीले संघले पछिल्लो दुई वर्षमा गरेका स्कुल टु ओलम्पिक, ओलम्पियन्स रियुनियनलगायत अन्य कार्यक्रमलाई समेटेर तयार पारिएको भिडियो कार्यक्रमका दौरान प्रस्तुत गर्ने अवसर मिलेको थियो,' विष्टले भन्नुभयो, 'त्यसमा स्कुल टु ओलम्पिक अभियानलाई सबैले प्रशंसा गर्दा खुसी लागेको तथा थप प्रेरणा मिलेको छ । हामीले सही कामको सुरुवात गरेको महसुस गरेका छौं ।'

देशभित्रका खेलकुद निकायसँग सहकार्य गर्दै समाजको सेवा गर्नुपर्नेमा फोरममा जोड दिएको जनाउँदै विष्टले भन्नुभयो, 'हामीले नेपाल ओलम्पिक कमिटी, राष्ट्रिय खेलकुद परिषद्, प्रदेश खेलकुद परिषद्, प्याब्सन, एनप्याब्सनसँग सहकार्य गर्दै स्कुल टु ओलम्पिक कार्यक्रम सञ्चालन गरिरहेका छौं, त्यसलाई भविष्यमा पनि निरन्तरता दिनेछौं ।'

फोरममा विश्वका १५० भन्दा बढी ओलम्पियन्स संघका प्रतिनिधिको सहभागिता रहेको विष्टले बताउनुभयो । सहभागीलाई नेपाल भ्रमणको निमन्त्रणा दिएको र सबैबाट सकारात्मक प्रतिक्रिया पाएको विष्टले जनाउनुभयो । वर्ल्ड ओलम्पियन्स एसोसिएसनका अध्यक्ष जोय बोउजोउले आफूहरूको संघको उच्च मूल्यांकन गर्दै तारिफ गरेको उल्लेख गर्दै विष्टले नेपाल आउन निमन्त्रणासहित उहाँलाई मायाको चिनोका रूपमा संघका तर्फबाट मयुर अंकित काठको आँखीझ्याल हस्तान्तरण गर्नुभएको थियो । वर्ल्ड ओलम्पियन संघका अध्यक्षले समय मिलाएर नेपाल आउने वाचासमेत गर्नुभएको थियो ।

दीपकले विश्व च्याम्पियनसिप खेल्ने

हिमालय टाइम्स

काठमाडौं, १ असोज

चीनको हाङझावमा हुने १९औं एसियाली खेलकुदका लागि छनोट हुनुभएका डान्स स्पोर्ट्स खेलाडी दीपक लामाले डब्लुडिएफ विश्व च्याम्पियनसिप प्रतिस्पर्धा गर्नुहुने भएको छ । सेप्टेम्बर २३ देखि २४ तारिखसम्म हुने विश्व च्याम्पियनसिपमा सहभागी हुन दीपक मंगलबार बेल्जियमको लुउभेन प्रस्थान गर्दै हुनुहुन्छ । दीपकले वान अन वान ब्रेकिङ स्पर्धामा प्रतिस्पर्धा गर्नुहुनेछ ।

राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङले दीपक लामालाई उच्च मनोबलका साथ प्रदर्शन गरी देशको गौरव अभिवृद्धि गर्न हौसला बढाउँदै एक कार्यक्रमबीच बिदाइ गर्नुभयो ।

सुदूरपश्चिम श्री शारीरिक सुगठन हुने

हिमालय टाइम्स

धनगढी, १ असोज

Trophy Reveal
CEREMONY

सुदूरपश्चिम प्रदेशको धनगढीमा पहिलोपटक सुदूरपश्चिम श्री शारीरिक सुगठन (बडी बिल्डिङ) प्रतियोगिता हुने भएको छ । फारवेष्ट फिटनेस एण्ड स्पोर्ट्स क्लबको आयोजनामा आउँदो असोज १२ र १३ गते धनगढीमा सुदूरपश्चिम श्री प्रतियोगिताको ट्रफी सोमबार पत्रकार सम्मेलन गर्दै सार्वजनिक गरिएको छ ।

दुई विधाका प्रथम, द्वितीय र तृतीय हुने खेलाडीलाई दिइने ट्रफी सुदूरपश्चिम प्रदेश खेलकुद परिषद्का सदस्य-सचिव दीपकबहादुर सिंह र फारवेष्ट फिटनेस एण्ड स्पोर्ट्स क्लबका अध्यक्ष मोहन तामाङले सार्वजनिक गर्नुभयो ।

खुला पुरुष शारीरिक र शारीरिक सुगठन खुला गरी दुई विधामा खेलाइने प्रतियोगिताका दुवै विधाका विजेतालाई जनही नगद २५ हजार पुरस्कार दिइनेछ । यस्तै, दुवै विधामा दोस्रो हुनेलाई नगद १५ हजार र तेस्रो हुनेलाई नगद १० हजार नगद पुरस्कार दिइनेछ । साथमा जिन्सी पुरस्कारहरूबाट पनि पुरस्कृत गरिने आयोजकले पत्रकार सम्मेलनमा जानकारी दिएको छ । ट्रफी सार्वजनिक कार्यक्रममा बोल्दै सदस्य-सचिव दीपकबहादुर सिंहले प्रदेशमा पहिलोपटक हुन लागेको शारीरिक सुगठन प्रतियोगितालाई सफल पार्नका लागि परिषद्ले प्रवर्द्धन गरेर साथ दिएको बताउँदै यसले खेलाडी उत्पादनमा पनि टेवा पुऱ्याउने बताउनुभयो । उहाँले प्रतियोगिताको सफलताको शुभकामना दिँदै सबैले सुदूरपश्चिम श्री शारीरिक सुगठन प्रतियोगितालाई सफल बनाउन आफ्नो क्षेत्रबाट गर्न सकिने सहयोग गर्न पनि आग्रह गर्नुभयो ।

शारीरिक सुगठनको खेलको जग सुदूरपश्चिम प्रदेशमा बसाल्न तथा खेलाडीहरू उत्पादन गर्दै यो क्षेत्रको देशभरि पहिचान गराउन र लागूऔषध दुर्व्यसनी रोक्ने उद्देश्यसहित प्रतियोगिता आयोजनाको तयारीमा लागेको आयोजकले जनाएको छ । प्रतियोगितामा कुनै पनि उमेर समूहका खेलाडीहरूले भाग लिन सक्नेछन् ।

प्रदेशस्तरीय प्रतियोगिता भएकाले सुदूरपश्चिमका जहाँसुकै बसोबास गरिरहेका खेलाडीहरूले भाग लिन पाउने फारवेष्ट फिटनेस एण्ड स्पोर्ट्स क्लबका अध्यक्ष मोहन तामाङले जानकारी दिनुभयो । प्रतियोगितामा सहभागी हुन खेलाडीहरूले एक हजार दर्ता शुल्क बुझाउनुपर्नेछ । क्लबका अध्यक्ष तामाङका अनुसार प्रतियोगिताको पहिलो दिन खेलाडीहरूको तौल र उचाइ मापन गरिनेछ भने दोस्रो दिन खेलाडीहरूको पूर्वनिर्णय तथा अन्तिम निर्णय लिइनेछ ।

चेल्सीको बराबरी, आर्सनलको जित

एजेन्सी

लण्डन, १ असोज

इंग्लिस प्रिमियर लिगअन्तर्गत आइतबार साँझ भएको खेलमा चेल्सी बराबरीमा रोकिँदा छिमेकी आर्सनलले जित हासिल गरेको छ । बर्नमाउथको घरेलु मैदान भिटालिटी स्टेडियममा भएको खेलमा चेल्सी र बर्नमाउथ दुवै टोलीले गोल गर्न सकेनन् । ५०औं मिनेटमा लेवी कोलविलले गरेको गोल अफसाइड हुँदा मान्यता पाएको थिएन । ८०औं मिनेटमा सोलाङकीको प्रहार सान्चेजले उत्कृष्ट बचाउ गरेपछि चेल्सी र बर्नमाउथबीचको खेल बराबरीमा सकियो । बराबरीपछि चेल्सी पाँच खेलमा एक जित र दुई बराबरीसहित पाँच अंकका साथ १४औं स्थानमा छ । बर्नमाउथ भने एक जितसहित तीन अंकका साथ एक स्थान तल छ ।

यस्तै, अर्को खेलमा आर्सनलले एभर्टनलाई १-० ले हरायो । खेलको एकमात्र गोल लियान्ड्रो ट्रोसार्डले ६९औं मिनेटमा गर्नुभयो । जितपछि आर्सनल पाँच खेलमा चारमा जित र तिनमा हारसहित चौथो स्थानमा छ । हारेको एभर्टन पाँच खेलमा मात्र एक अंकसहित १८औं स्थानमा रहेको छ । पाँचौं चरणको खेल चलिरहँदा म्यानचेस्टर सिटीको मात्र शतप्रतिशत जितको नतिजा छ ।

शिर्जनशीलतामा नयाँ आयाम थप्दै
टिचट्रिक्स-२०२३ सम्पन्न

हिमालय टाइम्स

काठमाडौं, १ असोज

be brave if you don't get hurt.
I never learn if you don't m mistakes.
never be successful if you
r failure.
#TECHTRIX2023
TX
TECHTRIX
PRESENTED BY

वर्तमान् प्रविधिको युगमा केवल सैद्धान्तिक ज्ञानले मात्र सक्षम जनशक्ति उत्पादन गर्न प्रायः असम्भव छ । पछिल्लो समयमा नेपालमा प्रविधि शिक्षाले निकै ठूलो फड्को मारेको पाइन्छ । यसै सन्दर्भमा काठमाडौं शान्तिनगरस्थित न्यू समिट कलेज, शान्तिनगर, काठमाडौं र टिचट्रिक्स नेपालद्वारा आयोजित टिचट्रिक्स-२०२३ आगामी वर्ष चौथो संस्करण आयोजना गर्ने प्रतिबद्धताका साथ समापन भएको छ ।

न्यू समिट कलेजका प्रिन्सिपल चोकराज दवाडीले सभापतित्व गर्नुभएको समापन समारोहमा स्वागत मन्तव्य कलेजका सञ्चालक समिति अध्यक्ष अजयप्रसाद ढकालले राख्नुभएको थियो । त्यस्तै त्रिवि लस्टका डिन प्राडा. विनिल अर्याल प्रमुख आतिथिका रुपमा आमन्त्रित हुनुहुन्थ्यो । 'आइटी शिक्षामा विद्यार्थीहरूलाई आफूसँग भएको अन्तर्निहित क्षमता प्रस्फुरण गर्न चाहिने एथेष्ट अवसर यस कार्यक्रमले दिएको र आगामी विश्व आइटी शिक्षा र आइटी विज्ञले गर्नेमा दुइमत नभएको कुरा तपाईंहरूमा राख्न चाहन्छु,' प्राडा.अर्यालले भन्नुभयो ।

विभिन्न विधामा सञ्चालित प्रतियोगिताका विजेतालाई नगद पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको थियो । प्रमुख अतिथि प्राडा.अर्यालले एक लाख ५० हजार नगद पुरस्कार र प्रमाण पत्र विजेताहरूलाई वितरण गर्नुभएको थियो । जसअन्तर्गत आइटी क्वीमा सेन्ट लरेन्स कलेज विजयी भएको थियो भने द्वितीय स्थान क्याथफोर्ड कलेजले प्राप्त गरेको थियो । क्याल्स रोयल सञ्जय गौतमले जित्नुभएको थियो भने सुजन गौतम दोस्रो हुनुभएको थियो । पब्जीका विजेता भने केएफए कलेजका शुभम चित्रकारको समूह भएको थियो भने सुनिल गिरिको टिम हाइप उप विजेता बन्दा टप फ्रागरको उपाधि विषेष खड्कालाई गएको थियो । फिफा २३ विजेता जगदिज पाण्डे हुनुभएको भने उप विजेताको उपाधि समीर गुरुङलाई गएको थियो ।

तीन दिवसीय प्रयोगिताको मुख्य आकर्षण ह्याकाथन सेन्ट जेभियर कलेजले जितेको थियो भने उपविजेता उपाधि सगरमाथा कलेज र तेस्रो स्थान न्यू समिट कलेजलाई गएको थियो । विज्ञ परामर्शदाताको प्रत्यक्ष निगरानी र परामर्शमा ३० घण्टा अवधिमा बनाइएको परियोजनालाई निर्णायकको भूमिकामा रहनुभएका विभिन्न विषय विज्ञ विश्वकाजी श्रेष्ठ, रोशन खत्री, अभिषेक कोइराला, ई.आर.प्रवीन चौहान निर्णयको आधारमा विजेता घोषणा गरिएको थियो । कार्यक्रमलाई मुख्य प्रायोजन गर्ने नेपाल टेलिकम, आइडिया स्टुडियो र भर्टिगोलगायत सम्पूर्ण प्रायोजक तथा प्रत्यक्ष परोक्ष रूपमा कार्यक्रम सफल बनाउन सहयोग गर्नुहुने सबैलाई धन्यवाद दिँदै कलेजका प्रिन्सिपल चोकराज दवाडीले समापन गर्नुभएको थियो ।

कतारमा रोजगार | कम्पनी : TRISTAR TRADING SELFDRIVE & GENERAL SERVICES

पुर्व स्वीकृत मितिः २०८०/०६/०१ चलानी नं.: ६०२०७८३८ LT. No.: 292683 शहर: DOHA

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		QR	ने. रु.							
1.	Cook	8	0	सम्बन्धित काममा दक्ष	1500	५४३३०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Driver	5	0		1800	६५१९६							
3.	General Clean Worker	2	0		1000	३६२२०							
4.	Gents Tailor	2	0		1500	५४३३०							
5.	Supervisior	1	0		2500	९०५५०							
6.	Waiter	7	0		1400	५०७०८							
7.	Waitress	0	4		1400	५०७०८							

अन्तर्वार्ता होटल उत्सव इटहरी, सुनसरीमा २०८० असोज ९ गते (26 September 2023) मा हुनेछ ।
अन्तर्वार्ता जनप्रिय होटल , पोखरा कास्कीमा २०८० असोज १० गते (27 September 2023) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज ११ गते (28 September 2023) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदार आफैले	बिमा हुने/प्रिमियम रोजगारदाताले	रोजगारदाताले दिने	रोजगारदाताले व्यहोने	कामदार आफैले	रु. ७००/- कामदारले तिर्ने	रु. १,५००/- कामदारले तिर्ने	नि:शुल्क

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Life line Overseas (P.) Ltd.
श्रम इजाजत पत्र नं.: ३३७/०५९/०६०

लाईफ लाईन ओभरसिज प्रा. लि.

गोगंबु, काठमाडौं, नेपाल, फोन नं. ०१-५९०४२८८, ५९०४५२२, ५९०३६४१

Drop your CV at cv@lifelineoverseas.com, recruit@lifelineoverseas.com, yam@lifelineoverseas.com

सडक विभाग
सडक डिभिजन जुम्ला

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति: २०८०/०६/०२)

यस सडक डिभिजनको सूचना नं. १/८०/८१, मिति: २०८०/०४/०७ गते सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित तपसिल बमोजिमका ठेक्काको बोलपत्र आव्हानको सूचना अनुसार रीतपूर्वक पेश भएका बोलपत्रहरु मध्ये देहाय बमोजिमका बोलपत्रदाताले पेश गरेको बोलपत्र सारभूत रुपमा प्रभावग्राही र न्यूनतम मूल्यांकित रहेकोले सार्वजनिक खरिद ऐन, २०६३को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७ को उपदफा (२) र (३) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

क्र. सं.	बोलपत्र नं.	कामको विवरण	बोलपत्रदाताहरुको नाम ठेगाना	कबोल अंक (भ्याट र पी. एस.समेत)
१	RDJML/337310113 /080/81-01	Recurrent Maintenance Work (Pothole Repair with Bituminous Emulsion) along Khulalu-Ghodena-Nagma Section) NH61-003-A & NH61-004-C	रद्द गरिएको	
२	RDJML/337310113 /080/81-02	Recurrent Maintenance Work (Pothole Repair with Bituminous Emulsion) Karnali Highway, (Nagma-Jumla Khalanga Section) NH61-005-A	M/s Barista Nirman Sewa, Jumla.	३९,४०,३००.९६
३	RDJML/337310113 /080/81-03	Road Side Maintenance Works (Road Side drain Maintenance Works) along Ghodena-Nagma Section, Kalikot	M/s Narbik Nirman Sewa, Jumla.	३०,११,३८२.२०
४	RDJML/337310113 /080/81-04	Road Side Maintenance Works (Road Side drain Maintenance Works) along Nagma-Jumla Khalanga Section, Jumla	M/s Malika Construction Firm, Jumla.	२६,९६,१८०.००
५	RDJIM/337011694 /080/81-05	Roadway Excavation and Structural Works along Bhatadi-Patedil-Deuramalika hudai Tribeni Samma Road ,kalikot	M/s Shree Chyachhara Nirman Sewa, Humla.	५४,४५,७०८.४५
६	RDJIM/337011694 /080/81-06	Roadway Improvement Works (widening structure and Pavement work) alongTumaDekhi Lamachaur Samma Sadak Rara ko pratakiy marga Chayanatha Rara Na.Pa.3 Mugu	M/s Binamra Nirman Sewa, Surkhet.	५५,०४,७७५.५५
७	RDJIM/337011694 /080/81-07	Roadway Improvement Work (Widening, Structures and Pavement Work) alongTulsipur-makhantakuri-luham-chaurjhari-Jajarkot khalanga-jumla kudari-mugu (Lumbini Rara paryatakiya durta marga), Jumla	M/s Malika Construction Firm, Jumla.	३७,५७,४१०.२२
८	RDJIM/337011694 /080/81-08	Road Upgrading Works along Patarasi Ga.Pa. 4 - Lasi - Tirkhu- Letilekh-Muduri-Gothigaun hudai Manisanghu jodne Sadak, Jumla	M/s Chandra Nirman Sewa, Jumla.	२६,६८,७६१.२०
९	RDJIM/337011694 /080/81-09	Road Upgrading Works along Guthichaur 4 Pyakurebada hudai Duiyabhidbat Mudurisamm Road, Jumla	M/s Guro Construction, Jumla	२५,३८,६५७.००
१०	RDJIM/337011694 /080/81-10	Roadway Excavation and structure works along Kalikot Maalkot Sadak, Kalikot	M/s Chyachhara Nirman Sewa, Humla.	५४,९६,६२०.१०
११	RDJIM/337011694 /080/81-11	Road Upgrading Works along Dansanghu to Guthichaur Road, Jumla	M/s Shuklaphanta Construction Pvt. Ltd. Kathmandu.	५१,७६,९२५.१४
१२	RDJML/337011384 /080/81-12	Roadway Improvement Work (Widening and Structural Work) along KarnaliRagmarga NH 58 (Dahikhola -Khulalu Section)	M/s Gura Niraman Sewa, Jumla.	६७,५८,११०.७१
१३	RDJML/337011384 /080/81-13	Roadway Improvement Work (Widening, Structures and Pavement Work) alongTharmare-Chaurjhari-Jajarkot Khalanga-Jumla Kudari-Mugu Rara Road, (Ch 5+000 to 13+000)	M/s Malika Construction Firm. Jumla.	८५,०७,९००.३७

डिभिजन प्रमुख